२१/३०

आज मिति २०७८/३/२८ गतेका दिन दामगाउँपालिका सल्यानका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यू अध्यक्षतामा र तपसिलमा उल्लेखित पदाधिकारीको उपस्थितिमा बसि निम्न प्रस्ताव उपर छलफल गरि महत्वपूर्ण निर्णय गरियो।

## उपस्थिति

| | | |
|---|---|---|
| १) | अध्यक्ष | श्री निम बहादुर के.सी. |
| २) | उपाध्यक्ष | श्री हिका शर्मा वली |
| ३) | कार्यकारी अधिकृत | श्री वसुन्धरा पुन |
| ४) | वडा अध्यक्ष | श्री कवि कुमार चन्द |
| ५) | " " | श्री डिल्ली बहादुर के.सी. |
| ६) | " " | श्री सेतीराम रोकाया |
| ७) | " " | श्री चन्द्र बहादुर रावत |
| ८) | " " | श्री राम बहादुर के.सी. |
| ९) | " " | श्री दुर्गा बहादुर मल्ल |
| १०) | सदस्य " | श्री देवी के.सी. |
| ११) | " " | श्री जुना मल्ल चन्द |
| १२) | " " | श्री मञ्जु मगर्ही |
| १३) | " " | श्री अमृता वि.क. |
| १४) | " " | श्री धनिराम नेपाली |
| १५) | " " | श्री शान्तराम कामी |
| १६) | लेखापाल | श्री बुद्दिराम बोहरा |

## प्रस्तावहरु –

१) गाउसभा र गाउकार्यपालिकाको बैठक भत्ता सम्बन्धमा
२) गाउकार्यपालिकाको कार्यालय राख्ने सम्बन्धमा
३) ~~कार्यविधी~~ बैठक संचालन सम्बन्धी कार्यविधी २०७८, कार्यविभाजन नियमवली २०७८ र कार्यसम्पादन नियमवली २०७८ सम्बन्धमा
४) वार्षिक निति तथा कार्यक्रम २०७८ अर्थविधेयक २०७८ अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने बनेको विधेयक र विनियोजन विधेयक २०७८ सम्बन्धमा
५) दामगाउपालिकाको पदाधीकारीहरुको आचारसंहिता २०७८ सम्बन्धमा
६) थप कोठा सहित भवन भाडामा लिने सम्बन्धमा
७) गाउ कार्यपालिकाको कार्यालयमा इन्टरनेट जोड्ने सम्बन्ध
८) गा.पा. को भवन निर्माण सम्बन्धमा

५) ग्रामिण खानेपानी मार्फत कार्यान्वयन हुने खानेपानी निर्माण योजना हस्तान्तर सम्बन्धमा ।

निर्णयहरु

१) प्रस्ताव नं. १मा व्यापक छलफल गर्दा यस दार्मा गाउँकार्यपालिका को बैठक बसेबापत प्रति सहभागि प्रति बैठक रु. १५००।- अक्षरुपी एक हजार पाँच सयका दरले र गाउँ सभाको बैठक, गाउँसभा तथा गाउँकार्यपालिका अन्तरगतका समितिको बैठक वडा समितिको बैठक बसे बापत प्रति सहभागि प्रति बैठक रु. १०००।- (अक्षेरुपी एक हजार रुपैयाँ) का दरले भत्ता उपलब्ध गराउने साथै १ महिनामा ३ वटा भन्दा बढि बैठक बसेमा ३ वटा बैठकको मात्र भत्ता उपलब्ध गराउने, यस निर्णय हुनु भन्दा अघि बसेको बैठकको भत्ता पनि यहि निर्णय बमोजिम उपलब्ध गराउने, खर्च शिर्षक नं. २१११३ अन्य भत्तामा रकम रु. ६०,०००।- (अक्षेरुपी साठीहजार) मात्र भएकोमा कार्यपालिका गाउँसभा तथा वडा समिति र अन्य समितिहरुको पटक पटक बस्ने बैठक प्रक्रिया निर्णय भए बमोजिम नपुग हुन आने बैठक भत्ता खर्च शिर्षक नं. २२११२ बाट नपुग हुन आने रु. १,००,०००।- अक्षेरुपी एक लाख मात्र उक्त अन्य भत्ता शिर्षकमा रकमान्तर गरि बैठक भत्ता भुक्तानी दिने निर्णय गरियो। साथै भत्ता सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले बनाएको कार्यविधी अनुसार हुने सर्वसम्मतीले निर्णय गरियो ।

२) प्रस्ताव नं. २मा व्यापक छलफल गर्दा साविकको दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सतासार भद्यौ र खलगातको कार्यालयलाई दार्मा गाउँपालिका वडा नं. ३ फाउलाचौरमा सम्पर्क कार्यालय स्थापना गरि संचालन गर्दै आएकोमा सोहि फाउलाचौरमा स्थायीरुपमा कार्यालय स्थापना गरि संचालन गर्ने सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

३) प्रस्ताव नं. ३मा व्यापक छलफल गर्दा दार्मा गाउँपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधी २०७४, दार्मा गाउँपालिका गाउँकार्यपालिका (कार्यविभाजन) नियमवली २०७४ दार्मा गाउँपालिका गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमवली २०७४, दार्मा गाउँपालिका गाउँकार्यपालिका बैठक

संचालन सम्बन्धी कार्यविधि २०७४ मिति २०७४।६।२८ गते देखि लागु हुने गरि सर्वसम्मतीबाट स्वीकृति गरि निर्णय पारित गरियो।

४) प्रस्ताव नं. ४ मा व्यापक छलफल गर्दा आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम, योजनाहरु, अर्थ विधेयक (अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक) २०७४ र विनियोजन विधेयक २०७४ कार्यपालिकाबाट सर्वसम्मतिले स्वीकृत गरि अनुमोदनका लागि गाउँसभामा पठाउने निर्णय पारित गरियो।

५) प्रस्ताव नं. ५ मा व्यापक छलफल गर्दा दार्मा गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता २०७४ लाई कार्यपालिकाबाट सर्वसम्मतीले स्वीकृत गरि अनुमोदनका लागि गाउँसभामा पठाउने निर्णय पारित गरियो।

६) प्रस्ताव नं. ६ मा व्यापक छलफल गर्दा दार्मा गाउँ कार्यपालिकाको कार्यालय भवन विगत देखि ८ वटा कोठा भाडामा लिई कार्यालय संचालन गर्दै आएकोमा मिति २०७४।४।१ गते देखि अन्य ६ कोठा थप गरि प्रेम घर भाडामा लिई जम्मा १८ वटा कोठाको रु. १६०० को दरले हुन आउने रकम रु. २८,६००।- (अक्षरेपी अट्ठाइस हजार नौ सय) मा १०% कर कट्टि गरि भाडा भुक्तानी गर्ने निर्णय गरियो साथै उक्त दरमा सम्झौता गर्ने निर्णय गरियो।

७) प्रस्ताव नं. ७ मा व्यापक छलफल गर्दा दार्मा गाउँ कार्यपालिकाको कार्यालयमा इन्टरनेट जोडनको लागि आवश्यक पर्ने रकम भुक्तानी गरी इन्टरनेट जोड्ने सर्वसम्मत निर्णय पारित गरियो।

८) प्रस्ताव नं. ८ मा व्यापक छलफल गर्दा दार्मा गाउँ कार्यपालिका भवन खाइलाचौरको जि.वि.स. सल्यानको नाममा रहेको जग्गा श्री जनज्योति मा.वि. खाइलाको आ.वि. सेक्सन रहेको ठाउँमा निर्माण गर्ने सर्वसम्मतीबाट निर्णय पारित गरियो।

९) प्रस्ताव नं. ९ मा व्यापक छलफल गर्दा ग्रामीण खानेपानी सेवा सल्यान मार्फत योजना कार्यान्वयन हुनेगरि छिलेपातल मुहान भई बहने छोलछुङ्गा, गौंते, काउलेगैरा, विरुगाउँ कीमराकुरा खानेपानी योजना छनौट गर्ने निर्णय गरि सो र गाउँपालिकाको तर्फबाट खानेपानी डिभिजन कार्यालय खलंगा सल्यानलाई निर्णयको प्रतिलिपि सहित पत्राचार गर्ने निर्णय पारित गरियो।